# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५] काठमाडौं श्रावण ३१ गते २०१२ साल [संख्या २

## भाग १

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १४

२०१२।४।३०।१

स्वास्थ्यविभाग–अन्तर्गत बीर मेल अस्पताललाई दुइजना रिलिभिङ मेडिकल अफिसरहरू चाहिएका छन् । योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं.१ (२०१०) मा भरी २०१२ साल आश्विन ३१ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नुहोला । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गौंडा, गोस्वाराम्मा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउनुपर्दैन ।

पदका विवरण यस प्रकार छन्ः—

१. रिलिभिङ मेडिकल अफिसर, गजेटेड, स्थायी तथा पेन्शन पाइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२. आवश्यक न्यूनतम योग्यता:– एम्. बी. बी. एस्.।

३. मासिक तलबको स्केल:– मो. रु. १८०।–३६०।

४. मासिक भत्ता:– मो. रु. २०।

५. काम र काम गर्ने ठाउँ:– वीर मेल अस्पतालबाट तलब खाई अरु ठाउँमा
खटाएका वखत गई डाक्टरी काम गर्नुपर्छ।

६. अभ्यास अवधि:– ६ महिना।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी–पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

६०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।